कम्पनीले आफ्नो जारी पूँजी रु.४ अर्बको ३०% प्रतिशतले हुन आउने रकम रु.१,२०,००,००,०००।– (अक्षरेपी एक अर्ब बीस करोड मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरमा प्रिमियम वापत रु.१३६.९१ (अक्षरेपी एक सय छतिस एकानब्बे पैसा मात्र) थप गरी प्रिमियम मूल्य सहित जम्मा मूल्य रु.२३६.९१ (अक्षरेपी दुई सय छतिस एकानब्बे पैसा मात्र) मा १,२०,००,००० कित्ता साधारण शेयरको दश प्रतिशत (१०%) अर्थात १२,००,००० (अक्षरेपी बाह्र लाख मात्र) कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि (निष्काशन गरिसकिएको) र पाँच प्रतिशत (५%) अर्थात ६,००,००० (छ लाख मात्र) कित्ता शेयर सामूहिक लगानी कोषको लागि छुट्याईएको र पाँच (५%) प्रतिशत अर्थात ६,००,००० (छ लाख मात्र) कित्ता शेयर कम्पनीका कर्मचारीहरुको लागि कम्पनीको सञ्चालक समितिको मिति २०७९/११/२६ मा बसेको १५४ औं बैठकको निर्णयानुसार प्रति शेयर अंकित मूल्य रु.१००।- दरमा सुरक्षित गरी बाँकी रहने ९६,००,००० (छ्यानब्बे लाख मात्र) कित्ता शेयरहरुको प्रिमियम मुल्यमा प्रारम्भिक सार्वजनिक निष्काशन गरिने छ ।

दरखास्त दिनुपर्ने न्यूनतम् कित्ता:	१० शेयर
दरखास्त दिन पाउने अधिकतम् कित्ता :	१०,००० शेयर

दरखास्त साथ भुक्तानी गर्नुपर्ने रू. २३६.९१/- प्रति शेयरको दरले

IMELiFE
Ensuring Future

आई.एम.ई.लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

नेपाल बीमा प्राधिकरणबाट जीवन बीमाको कार्य गर्न ईजाजतपत्र प्राप्त संस्था
रजिस्टर्ड कार्यालय: का.म.न.पा. वडा नं. २६, लैनचौर, हाथवे कम्प्लेक्स, काठमाण्डौ
फोन नं.: ०१-४०२४०७१/४०२४०७२, फ्याक्स नं.: ०१-४७८५९२६

को

आव्हान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान पत्र मात्र हो ।

सर्वसाधारणको जानकारिको लागि पून: प्रकाशित
(प्रथम पटक २०८०/०२/२६ गते कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित)

सर्वसाधारणका लागि शेयरको बिक्री खुल्ला अवधि

निष्काशन खुल्ला मिति :	२०८०/०३/२१ गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८०/०३/२५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८०/०४/०४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

दरखास्त साथ प्रति शेयर रु.१००/- मा प्रिमियम वापत रु.१३६.९१/- थप गरि प्रति शेयर रु.२३६.९१/- शतप्रतिशत भुक्तानी गर्नुपर्ने

कम्पनीको विगत र आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण

विवरण	वास्तविक आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९	आ.व.०७९/०८० को चैत्र मसान्तसम्मको अपरिस्कृत वित्तीय विवरण	प्रक्षेपित आ.व. २०७९/०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२
प्रति शेयर नेटवर्थ (रु.)	१३१.२६	१५२.५१	१७६.५३	१४५.००	१४०.२३	१४९.८६	१६२.३९
प्रति शेयर आम्दानी (रु.)	१४.१९	२१.१६	२३.२४	९.२१	७.५७	९.६८	१२.५१
जगेडा कोष तथा संचित नाफा (रु हजारमा)	४३७,६४४	७३५,११७	१,०७१,३७९	१,२६०,१०१	२,०११,३३७	२,४९३,११७	३,११९,३६०

श्री नेपाल धितोपत्र बोर्डबाट विवरण पत्र स्वीकृत मिति: २०८०/०२/२३, बीमा समितिमा विवरणपत्र दर्ता भएको मिति २०८०/०२/२४, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८०/०२/२४

१. संस्थाको नाम :

आई.एम.ई.लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (IME Life Insurance Company Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भई बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) र बीमा नियमावली, २०४९ बमोजिम जीवन बीमा व्यवसायको कारोबार गर्ने ईजाजतपत्र प्राप्त संस्था हो ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय बागमती प्रदेश, का.म.न.पा. वडा नं. २६ लैनचौर, हाथवे कम्प्लेक्स, काठमाण्डौंमा रहेको छ ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोवार गर्ने रजिष्टर्ड तथा केन्द्रीय कार्यालय बागमती प्रदेश, का.म.न.पा. वडा २६ लैनचौर, हाथवे कम्प्लेक्स, काठमाण्डौंमा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित निकायको स्वीकृति लिई स्वदेश भित्र शाखा तथा उपशाखा कार्यालय स्थापना गरी कारोबार गर्न सकिने व्यवस्था रहेको र कम्पनीले मिति २०७९ चैत्र १५ गतेसम्ममा देहायमा उल्लेख भए अनुसार ८३ वटा शाखा कार्यालय र ५७ वटा उप शाखा कार्यालयहरु सञ्चालनमा ल्याएको छ । साथै नेपाल बीमा प्राधिकरणबाट थप १ वटा शाखा कार्यालय र ८ वटा उप शाखा कार्यालय खोल्ने स्वीकृति प्राप्त भएकोमा निकट भविष्यमा उक्त शाखा/उपशाखा कार्यालयहरु खोली सञ्चालनमा ल्याउन लागिएको छ ।

शाखा कार्यालयको विवरण : शाखा संख्या ८३

क्र.सं.	शाखा कार्यालयको नाम	जिल्ला	प्रदेश	क्र.सं.	शाखा कार्यालयको नाम	जिल्ला	प्रदेश	क्र.सं.	शाखा कार्यालयको नाम	जिल्ला	प्रदेश
१	गाईघाट	उदयपुर	कोशी	२९	हेटौडा	मकवानपुर	बागमती	५७	परासी	परासी	लुम्बिनी
२	दिक्तेल	खोटाङ	कोशी	३०	बनेपा	काभ्रेपलान्चोक	बागमती	५८	नेपालगञ्ज	बाँके	लुम्बिनी
३	उदयपुर	कटारी	कोशी	३१	भक्तपुर	भक्तपुर	बागमती	५९	कोहलपुर	बाँके	लुम्बिनी
४	भोजपूर	भोजपुर	कोशी	३२	सिन्धुली	सिन्धुली	बागमती	६०	गुलरिया	बर्दिया	लुम्बिनी
५	विराटनगर	मोरङ	कोशी	३३	गोङ्गबु	काठमाण्डौं	बागमती	६१	भुरिगाउँ	बर्दिया	लुम्बिनी
६	बिर्तामोड	झापा	कोशी	३४	कलंकी	काठमाण्डौं	बागमती	६२	राजापुर	बर्दिया	लुम्बिनी
७	दमक	झापा	कोशी	३५	बिदुर	नुवाकोट	बागमती	६३	नारायण	दैलेख	कर्णाली
८	धनकुटा	धनकुटा	कोशी	३६	कुमारीपाटी	ललितपुर	बागमती	६४	जाजरकोट	जाजरकोट	कर्णाली
९	धरान	सुनसरी	कोशी	३७	नारायणगढ	चितवन	बागमती	६५	मेहलकुना	सुर्खेत	कर्णाली
१०	इलाम	इलाम	कोशी	३८	चाबहिल	काठमाण्डौं	बागमती	६६	खलङ्गा	सल्यान	कर्णाली
११	इनरुवा	सुनसरी	कोशी	३९	कुश्मा	पर्वत	गण्डकी	६७	सुर्खेत	सुर्खेत	कर्णाली
१२	इटहरी	सुनसरी	कोशी	४०	बागलुङ्ग	बागलुङ्ग	गण्डकी	६८	पश्चिम रुकुम	पश्चिम रुकुम	कर्णाली
१३	खाँदबारी	संखुवासभा	कोशी	४१	बेनी	म्याग्दी	गण्डकी	६९	जुम्ला	जुम्ला	कर्णाली
१४	पथरी	मोरङ	कोशी	४२	पोखरा	कास्की	गण्डकी	७०	अछाम	अछाम	सुदुर पश्चिम
१५	पाँचथर	फिदिम	कोशी	४३	वालिङ्ग	स्याङ्जा	गण्डकी	७१	बैतडी	बैतडी	सुदुर पश्चिम
१६	फुङ्लिङ्ग	ताप्लेजुङ्ग	कोशी	४४	आबुखैरेनी	तनहुँ	गण्डकी	७२	चैनपुर	बभाङ्ग	सुदुर पश्चिम
१७	म्याङ्लुङ्ग	तेह्रथुम	कोशी	४५	बेसीशहर	लमजुङ्ग	गण्डकी	७३	मार्तडी	बाजुरा	सुदुर पश्चिम
१८	ओखलढुङ्गा	ओखलढुङ्गा	कोशी	४६	दमौली	तनहुँ	गण्डकी	७४	डडेलधुरा	डडेलधुरा	सुदुर पश्चिम
१९	सोलुदुधकुण्ड	सोलुखुम्बु	कोशी	४७	कावासोती	नवलपुर	गण्डकी	७५	दार्चुला	दार्चुला	सुदुर पश्चिम
२०	विरगंज	पर्सा	मधेश	४८	घोराही	दाङ्ग	लुम्बिनी	७६	दिपायल	डोटी	सुदुर पश्चिम
२१	गौर	रौतहट	मधेश	४९	लमही	दाङ्ग	लुम्बिनी	७७	बैलौरी	कन्चनपुर	सुदुर पश्चिम
२२	हरिवन	सर्लाही	मधेश	५०	प्युठान	प्युठान	लुम्बिनी	७८	धनगढी	कैलाली	सुदुर पश्चिम
२३	जनकपुर	धनुषा	मधेश	५१	गुल्मी	गुल्मी	लुम्बिनी	७९	महेन्द्रनगर	कन्चनपुर	सुदुर पश्चिम
२४	कलैया	बारा	मधेश	५२	पाल्पा	पाल्पा	लुम्बिनी	८०	लम्की	कैलाली	सुदुर पश्चिम
२५	लहान	सिराहा	मधेश	५३	सन्धिखर्क	अर्घाखाँची	लुम्बिनी	८१	सुखड	कैलाली	सुदुर पश्चिम
२६	मलङ्गवा	सर्लाही	मधेश	५४	भैरहवा	रुपन्देही	लुम्बिनी	८२	टिकापुर	कैलाली	सुदुर पश्चिम
२७	मिचैया	सर्लाही	मधेश	५५	बुटवल	रुपन्देही	लुम्बिनी	८३	अत्तरिया	कैलाली	सुदुर पश्चिम
२८	राजविराज	सप्तरी	मधेश	५६	जितपुर	कपिलवस्तु	लुम्बिनी				

उप शाखा कार्यालयको विवरण : उप शाखा संख्या ५७

क्र.सं.	उप शाखा कार्यालयको नाम	जिल्ला	प्रदेश	क्र.सं.	उप शाखा कार्यालयको नाम	जिल्ला	प्रदेश	क्र.सं.	उप शाखा कार्यालयको नाम	जिल्ला	प्रदेश
१	भद्रपुर	झापा	कोशी	२०	गट्ठाघर	भक्तपुर	बागमती	३९	लेखनाथ	कास्की	गण्डकी
२	विराटचोक	मोरङ	कोशी	२१	पेप्सीकोला	काठमाण्डौं	बागमती	४०	पालुङ्टार	गोरखा	गण्डकी
३	दुहबी	सुनसरी	कोशी	२२	मन्थली	रामेछाप	बागमती	४१	सोतीपसल	तनहुँ	गण्डकी
४	गौरादह	झापा	कोशी	२३	धादिङ्बेंसी	धादिङ	बागमती	४२	सुन्दरबजार	लमजुङ्ग	गण्डकी
५	झुम्का	सुनसरी	कोशी	२४	धार्के	धादिङ	बागमती	४३	भालुवाङ्ग	दाङ्ग	लुम्बिनी
६	काँकडभिट्टा	झापा	कोशी	२५	महाराजगञ्ज	काठमाण्डौं	बागमती	४४	रोल्पा	रोल्पा	लुम्बिनी
७	फिक्कल	इलाम	कोशी	२६	नेपालटार	काठमाण्डौं	बागमती	४५	तुल्सीपुर	दाङ्ग	लुम्बिनी
८	सुरुङ्गा	झापा	कोशी	२७	स्वयम्भु	काठमाण्डौं	बागमती	४६	रामपुर	पाल्पा	लुम्बिनी
९	बसन्तपुर	तेह्रथुम	कोशी	२८	टोखा	काठमाण्डौं	बागमती	४७	चन्द्रौटा	कपिलवस्तु	लुम्बिनी
१०	तरहरा	सुनसरी	कोशी	२९	पुरानो बानेश्वर	काठमाण्डौं	बागमती	४८	मणिग्राम	रुपन्देही	लुम्बिनी
११	उर्लाबारी	मोरङ	कोशी	३०	भैंसीपाटी	ललितपुर	बागमती	४९	मुर्गिया	रुपन्देही	लुम्बिनी
१२	बर्दिबास	महोत्तरी	मधेश	३१	इमाडोल	ललितपुर	बागमती	५०	खजुरा	बाँके	लुम्बिनी
१३	चन्द्रपुर	रौतहट	मधेश	३२	हाकिमचोक	चितवन	बागमती	५१	बाँसगढी	बर्दिया	लुम्बिनी
१४	जितपुर	बारा	मधेश	३३	टाँडी	चितवन	बागमती	५२	गमगढी	मुगु	कर्णाली
१५	सिराहा	सिराहा	मधेश	३४	गैंडाकोट	नवलपुर	बागमती	५३	शमशेरगञ्ज	बाँके	कर्णाली
१६	पनौती	काभ्रेपलान्चोक	बागमती	३५	गलकोट	बागलुङ्ग	गण्डकी	५४	साँफेबगर	अछाम	सुदुर पश्चिम
१७	गैह्रीधारा	काठमाण्डौं	बागमती	३६	गोरखा	गोरखा	गण्डकी	५५	पुर्नबास	कन्चनपुर	सुदुर पश्चिम
१८	भकुन्डेबेसी	काभ्रेपलान्चोक	बागमती	३७	भिमाद	तनहुँ	गण्डकी	५६	भजनी	कैलाली	सुदुर पश्चिम
१९	चरीकोट	दोलखा	बागमती	३८	दुलेगौंडा	तनहुँ	गण्डकी	५७	झलारी	कन्चनपुर	सुदुर पश्चिम

५. संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०६/१५ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भई मिति २०७३/०८/२१ मा यस आई.एम.ई.लाइफ इन्स्योरेन्स कम्पनी लि. ले कारोवार गर्न स्वीकृति प्राप्त भएको हो । बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) तथा बीमा नियमावली, २०४९ अनुसार नेपाल बीमा प्राधिकरण (तत्कालिन बीमा समिति) बाट जीवन बीमा व्यवसाय गर्ने बीमकको ईजाजतपत्र मिति २०७४/०३/२० (तदनुसार ४ जुलाई, २०१७) मा प्राप्त गरी मिति २०७४/०५/०१ गतेदेखि जीवन बीमा व्यवसाय गर्दै आईरहेको छ । यस कम्पनीमा ग्लोबल आइएमई बैंक लि., आइएमई जनरल इन्स्योरेन्स लि., आइएमई लि., हाथवे इन्भेष्टमेन्ट नेपाल लि., एशियन डिष्ट्रिब्यूटर्स प्रा.लि. जस्ता प्रतिष्ठित बैंक, इन्स्योरेन्स कम्पनी, विप्रेषण कम्पनी तथा इन्भेष्टमेन्ट कम्पनीहरु ठुला संस्थापकको रुपमा रहेका छन् । यस कम्पनीले स्थापनाकालदेखि नै मुनाफा आर्जन गर्न सफल भएको छ । कम्पनीको मुख्य उद्देश्य नेपालमा प्रतिष्ठित बीमा कम्पनीको रुपमा स्थापित भई बीमा सेवा उपलब्ध गराउनुका साथै बीमितहरु तथा कम्पनीका लगानीकर्ताहरुलाई उचित प्रतिफल प्रदान गर्ने र कम्पनीमा कार्यरत कर्मचारीहरुको दक्षता अभिवृद्धि गरी बीमा बजारको क्षेत्रमा एक अग्रणी बीमा कम्पनीको रुपमा अगाडि बढाउनु रहेको छ ।

बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) र बीमा नियमावली, २०४९ को अधिनमा रही कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लिखित मुख्य उद्देश्यहरु देहाय बमोजिम व्यवस्था गरिएको छ :

(क) आजीवन बीमा, सावधिक जीवन बीमा, म्यादी जीवन बीमा लगायत जीवन बीमा सम्बन्धी अन्य कार्यहरु गर्ने गराउने ।
(ख) सबै किसिमका जीवन बीमा तथा जीवन बीमाको पुरक करारको रुपमा बीमा गर्ने गराउने ।
(ग) बीमा व्यवसायबाट प्राप्त भएको जीवन बीमा शुल्क बापतको रकम प्रचलित कानुन बमोजिम स्वीकृति लिनु पर्नेमा लिई विभिन्न क्षेत्रमा लगानी गर्ने ।
(घ) जीवन बीमा तथा यसको आवश्यकता र महत्व सम्बन्धमा प्रचार प्रसार तथा चेतनामूलक प्रशिक्षण लगायत आवश्यक कार्य गर्ने ।
(ङ) सामाजिक तथा आर्थिक कारणले उत्पन्न हुने जीवन बीमा क्षेत्रमा आवश्यकताहरु पूर्ति गर्ने ।
(च) जीवन बीमा कम्पनीहरुको पुनर्बीमा स्वीकार गर्ने तथा पुनर्बीमा गराउने ।
(छ) बीमा अभिकर्ता, दलाल तथा दावी फर्स्यौटकर्ता नियुक्त गर्ने गराउने ।
(ज) जीवन बीमा तथा पुनर्बीमा व्यवसायको लागि स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसँग सहकार्य गर्ने ।
(झ) जीवन बीमा क्षेत्रका अन्य कार्यहरु गर्ने ।

६. पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत पूँजी : यस कम्पनीको अधिकृत पूँजी रु.५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब रुपैयाँ) रहेको छ । जसलाई प्रति शेयर रु.१००।- दरले ५,००,००,००० (पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

जारी पूँजी : यस कम्पनीको जारी पूँजी ४,००,००,००,०००।- (अक्षरेपी चार अर्ब रुपैयाँ) रहेको छ । जसलाई प्रति शेयर रु.१००।- दरले ४,००,००,००० (चार करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

चुक्ता पूँजी : यस कम्पनीको तत्काल चुक्ता पूँजी रु.२,८०,००,००,०००।- (अक्षरेपी दुई अर्ब असी करोड) रहेको छ । जसलाई प्रति शेयर रु.१००।- दरले २,८०,००,००० (दुई करोड असी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरणपत्र मार्फत प्रारम्भिक सार्वजनिक निष्काशन गरी साधारण शेयरको बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.४,००,००,००,०००।- (अक्षरेपी चार अर्ब रुपैया) हुनेछ ।

७. प्रारम्भिक सार्वजनिक निष्काशन गर्नुपूर्व संस्थाको चुक्ता पूँजीको संरचना :

	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना (रु.)	चुक्ता रकम (प्रतिशतमा)	भुक्तानी प्रतिशत
क.	संस्थापक शेयरधनीहरु	२,८०,००,०००	२,८०,००,००,०००.००	७०%	शतप्रतिशत
ख.	सर्वसाधारण शेयरधनीहरु	१,२०,००,०००	१,२०,००,००,०००.००	३०%	शतप्रतिशत
	जम्मा	४,००,००,०००	४,००,००,००,०००.००	१००%	शतप्रतिशत

८. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस इन्स्योरेन्स कम्पनीको नियमावलीको नियम २७ को उपनियम २ मा भएको व्यवस्था अनुसार हाल निम्नानुसार ६ (छ) जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

समूह"क"का संस्थापक शेयरधनीहरु मध्येबाट	४ जना
समूह"ख"का सर्वसाधारण शेयरधनीहरु मध्येबाट	१ जना
कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम नियुक्त स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	६ जना

सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था:
यस इन्स्योरेन्स कम्पनीको नियमावलीको नियम (२८) मा व्यवस्था भए अनुसार इन्स्योरेन्स कम्पनीको सञ्चालक हुनका लागि यस इन्स्योरेन्स कम्पनीको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने गरी मनोनयन गरेको सञ्चालकको हकमा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन ।

९. आधारभूत शेयरधनीहरु तथा संचालकहरुको विवरण :

आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव:

क्र.सं.	शेयरधनीको नाम	ठेगाना	शेयर स्वामित्व/प्रतिशत	उमेर	राष्ट्रियता	शैक्षिक योग्यता	प्रस्तावित व्यापार/व्यवसाय	अन्य कार्य अनुभव
१	चन्द्र प्रसाद ढकाल	टोखा न.पा.वडा नं. ५, धापासी, काठमाण्डौं	४५,२५,००० (११.३१)	५७	नेपाली	स्नातक तह	डाक्टर	- वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघमा २०७४ चैत्रदेखि हालसम्म । - अध्यक्ष, ग्लोबल आईएमई बैंक लि.,स्थापनाकालदेखि हालसम्म । - अध्यक्ष, आईएमई ग्रुप अफ कम्पनिज । - Honorary Consular, Republic of Indonesia को लागि सन् २०१० देखि हालसम्म । - अध्यक्ष, Employer's Council, FNCCI मा २०७४ चैत्रदेखि हालसम्म । - सञ्चालक, नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.मा सन् २०१९ फेरवरी देखि हालसम्म । - सदस्य, Social Security Fund (SSF), Ministry of Labour, Employment & Social Security मा २०७४ देखि हालसम्म ।
२	हेमराज ढकाल	का.म.न.पा.वडा नं. ४, चण्डोल, काठमाण्डौं	४५,२५,००० (११.३१)	४७	नेपाली	स्नातकोत्तर तह EMP-MIT USA OPM-Harvard	नरहेको ।	- सह संस्थापक तथा प्रबन्ध निर्देशक, सन् २००१ देखि IME Group of Companies मा हालसम्म । - अध्यक्ष, आइएमई जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडमा सन् २०१६ देखि हालसम्म । - अध्यक्ष, हाथवे इन्भेष्टमेष्ट नेपाल लिमिटेडमा सन् २००९ देखि हालसम्म । - सह संस्थापक तथा अध्यक्ष (डिस मिडिया नेटवर्क लि.मा सन् २०१८ देखि हालसम्म । - अध्यक्ष, Nepal Malaysia Chamber of Commerce and Industry । - सदस्य, National Council, Confederatin of Nepalese Industries (CNI) मा सन् २०१७ देखि सन् २०२१ सम्म । - उपाध्यक्ष, National Council, Confederatin of Nepalese Industries (CNI) मा सन् २०१७ देखि सन् २०२१ सम्म ।
३	ग्लोबल आइएमई बैंक लिमिटेड	का.म.न.पा.वडा नं. २८, कमलादी, काठमाण्डौं	४०,००,००० (१०.००)	लागु नहुने ।				- बैंकिङ्ग तथा वित्तीय कारोवार ।
४	आईएमई लिमिटेड	का.म.न.पा. वडा नं. ३, पानीपोखरी, काठमाण्डौं	१२,००,००० (३.००)	लागु नहुने ।				- विप्रेषण कारोबार ।
५	मीन बहादुर गुरुङ्ग	का.म.न.पा.वडा नं. ५, भाटभटेनी काठमाण्डौं	९,३०,००० (२.३३)	६८	नेपाली	स्नातकोत्तर तह	नरहेको ।	- संस्थापक भाटभटेनी सुपर मार्केट प्रा.लि.
६	नवराज नेपाल	का.म.न.पा.वडा नं. ४, सुकेधारा, काठमाण्डौं	७,००,००० (१.७५)	५१	नेपाली	साधारण शिक्षा	नरहेको ।	- सञ्चालक, हिमालयन ग्रोसरीमा ५ वर्षदेखि कार्यरत । - सञ्चालक, हाथवे इन्भेष्टमेण्ट नेपाल लि.को सञ्चालकमा १० वर्षदेखि कार्यरत । - सञ्चालक, नेशनल हाईड्रो पावर कम्पनी लि. मा ३ वर्षको अनुभव ।
७	एशियन डिष्ट्रिब्यूटर्स प्रा.लि.	का.म.न.पा.वडा नं. १, नक्साल काठमाण्डौं	७,००,००० (१.७५)	लागु नहुने				- एफ.एम.सि.जी.प्रोडक्टहरुको आयात र बिक्री गर्ने ।
८	बिष्णु कुमार अग्रवाल	का.म.न.पा.वडा नं. १४, कलंकी, काठमाण्डौं	६,००,००० (१.५०)	५१	नेपाली	स्नातकोत्तर तह	नरहेको ।	- प्रबन्ध निर्देशक, मोरङ्ग अटोवर्क्स प्रा.लि. - अटोमोवाईल सम्बन्धी अनुभव ।
९	डि.डि इन्भेष्टमेन्ट प्रा.लि.	का.म.न.पा.वडा नं. १६, ठमेल काठमाण्डौं	५,७८,५०० (१.४५)	लागु नहुने ।				- लगानी योग्य उपकरणहरुमा लगानी गर्ने ।
१०	एक्श मनी ट्रान्सफर प्रा.लि.	का.म.न.पा. वडा नं. ४, महाराजगञ्ज काठमाण्डौं	५,७७,५०० (१.४४)	लागु नहुने ।				- विप्रेषण कारोवार
११	कल्याण गुरुङ्ग	का.म.न.पा. वडा नं. ५, भाटभटेनी, काठमाण्डौं	५,३५,००० (१.३४)	३८	नेपाली	स्नातकोत्तर तह	नरहेको ।	- कार्यकारी निर्देशक, भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेन्ट स्टोर्स प्रा. लि ।
१२	साबित्री गुरुङ्ग	का.म.न.पा. वडा नं. ५, भाटभटेनी, काठमाण्डौं	५,३५,००० (१.३४)	६३	नेपाली	स्नातक तह	नरहेको ।	- संस्थापक,भाटभटेनी सुपरमार्केट प्रा.लि. ।
१३	सन्दीप अग्रवाल	का.म.न.पा.वडा नं.११, थापाथली काठमाण्डौं	५,००,००० (१.२५)	५५	नेपाली	स्नातक तह	नरहेको ।	- सञ्चालक, आईएमई मोटर्स प्रा.लि., बैंक, वित्तीय संस्था तथा अटो मोबाईल सम्बन्धी कार्य अनुभव ।
१४	हाथवे इन्भेष्टमेन्ट नेपाल लि.	का.म.न.पा. वडा नं. २६, लैंनचौर, काठमाण्डौं	४,९६,४४० (१.२४)	लागु नहुने ।				- लगानी योग्य उपकरणहरुमा लगानी गर्ने ।
१५	जिवन कुमारी अर्याल	टोखा न.पा.वडा नं. ५, धापासी, काठमाण्डौं	४,९१,९५९ (१.२३)	४५	नेपाली	एस.एल.सि.	नरहेको ।	- सञ्चालक, पञ्चपल्लभ इन्भेष्टमेन्ट एण्ड कन्सल्टेन्ट प्रा.लि. ।
१६	निमिषा इन्भेष्टमेन्ट प्रा.लि.	का.म.न.पा. वडा नं. ३, पानीपोखरी, काठमाण्डौं	४,८८,४०० (१.२२)	लागु नहुने ।				- लगानी योग्य उपकरणहरुमा लगानी गर्ने ।
१७	सुरज कुमार श्रेष्ठ	का.म.न.पा.वडा नं. १३, ताहाचल, काठमाण्डौं	४,००,००० (१.००)	४४	नेपाली	स्नातकोत्तर तह	नरहेको ।	- पूर्व सञ्चालक, ग्लोबल आइएमई बैंक लि. - सञ्चालक, धौलागिरी पश्मिना उद्योग ।
१८	कमल पौडेल	का.म.न.पा. वडा नं. ५, भाटभटेनी, काठमाण्डौं	४,००,००० (१)	४८	नेपाली	स्नातक तह	नरहेको ।	- बैदेशिक रोजगार तथा व्यापार व्यवसाय सम्बन्धी अनुभव ।

सञ्चालकहरुको विवरण :

क्र.सं.	शेयरधनीको नाम	ठेगाना	उमेर	राष्ट्रियता	शैक्षिक योग्यता	शेयर स्वामित्व/प्रतिशत	प्रस्तावित व्यापार/व्यवसाय	अन्य कार्य अनुभव
१	डा.रामहरि अर्याल, अध्यक्ष	काठमाण्डौं जिल्ला का.म.न.पा.वडा नं. १४, कलंकी, काठमाण्डौं	६९	नेपाली	विद्यावारिधि	५०,००० (०.१३)	कम्पनीले जीवन बीमा व्यवसाय सञ्चालन गर्न स्वीकृति प्राप्त गरेको मिति २०७४/०३/२० गते देखि अध्यक्षको रुपमा कार्यरत ।	- नेपाल सरकारको विशिष्ट श्रेणी (सचिव) को पदबाट अवकास प्राप्त । - नेपाल राष्ट्र बैंकको पूर्व सञ्चालक ।
२	श्री दिप चन्द्र रेग्मी (प्रतिनिधि- ग्लोबल आइएमई बैंक लि.), सञ्चालक	काठमाण्डौं जिल्ला टोखा नगरपालिका वडा नं. १०, काठमाण्डौं ।	४१	नेपाली	स्नातकोत्तर तह	४०,००,००० (१०.००)	कम्पनीले जीवन बीमा व्यवसाय सञ्चालन गर्न स्वीकृति प्राप्त गरेको मिति २०७४/०३/२० गते देखि सञ्चालकको रुपमा कार्यरत ।	- ग्लोबल आइएमई बैंक लि.मा मानव संशाधन विभाग, प्रमुखको रुपमा कार्यरत ।
३	श्री उपा ढकाल (प्रतिनिधि- एक्श मनी ट्रान्सफर प्रा. लि.), सञ्चालक	ललितलपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २ सानेपा, ललितपुर ।	२९	नेपाली	स्नातकोत्तर तह	५,७७,५०० (१.४४)	मिति २०७९/०१/१४ गतेदेखि सञ्चालकको रुपमा कार्यरत ।	- व्यापार व्यवसाय सम्बन्धी अनुभव ।
४	श्री विनोद के.सी. स्वतन्त्र सञ्चालक	ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २३, धापाखेल ललितपुर ।	६०	नेपाली	स्नातकोत्तर तह	-	मिति २०७९/११/१० गतेदेखि स्वतन्त्र सञ्चालकको रुपमा कार्यरत ।	- नेपाल सरकारको विशिष्ट श्रेणी (सचिव) पदबाट अवकास प्राप्त ।

कार्यकारी प्रमुखको विवरण

क्र.सं.	कर्मचारीको नाम र ठेगाना	तह	शैक्षिक योग्यता	नियुक्ति मिति	कार्य अनुभव	शेयर संख्या
१.	श्री कवि फुयाँल, बालाजु, काठमाण्डौ	प्रमुख कार्यकारी अधिकृत	एम.बि.ए.	२०७७/०५/०७	१. लक्ष्मी बैंक लि.मा सन् २००८ मा सहायक पदमा कार्यरत । २. राष्ट्रिय बीमा संस्थानमा सन् २००८ देखि सन् २००९ सम्म वरिष्ठ सहायक पदमा कार्यरत । ३. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २००९ देखि सन् २०१३ सम्म नायब प्रबन्धक पदमा कार्यरत । ४. सुर्या लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २०१४ देखि सन् २०१७ सम्म मार्केटिङ्ग विभाग प्रमुखको रुपमा कार्यरत । ५. सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २०१७ देखि सन् २०२० मार्केटिङ्ग विभाग प्रमुखको रुपमा कार्यरत । ६. प्रमुख कार्यकारी अधिकृतको रुपमा आइ.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २०२० देखि हालसम्म कार्यरत ।	-
२.	दिनेश बहादुर अमात्य, इमाडोल, ललितपुर ।	नायब महाप्रबन्धक	एम.बि.ए.	२०७४/०४/०१	१. नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् १९९२ देखि सन् २००७ सम्म विभिन्न विभागमा अधिकृत पदमा कार्यरत । २. सुर्या लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २००८ देखि सन् २०१७ सम्म सहायक महाप्रबन्धक पदमा कार्यरत । ३. आइ.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २०१७ देखि हालसम्म नायब महाप्रबन्धक पदमा कार्यरत ।	-
३.	सुदिप राणा, जावलाखेल, ललितपुर ।	वरिष्ठ प्रबन्धक	एम.बि.एस., बि. एल.	२०७४/०६/२९	१. नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २००२ देखि सन् २००८ सम्म सहायक पदमा कार्यरत । २. गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २००८ देखि सन् २०१७ सम्म नायब प्रबन्धक पदमा कार्यरत । ३. आइ.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २०१७ देखि हालसम्म वरिष्ठ प्रबन्धक पदमा कार्यरत ।	-
४.	जगत बहादुर बोहरा लम्की, कैलाली ।	वरिष्ठ प्रबन्धक	चार्टर्ड एकाउन्टेन्ट	२०७४/०८/१५	१. वेष्ट फाईनान्स लि.(साविक सिनर्जी फाइनान्स लि.) मा सन् २०१२ मा वित्त विभाग प्रमुखको रुपमा कार्यरत । २. कुमारी बैंक लि. (साविक साझा विकास बैंक लि.) मा सन् २०१३ देखि सन् २०१५ सम्म वित्त तथा सञ्चालन विभाग प्रमुखको रुपमा कार्यरत । ३. डि.एफ.सि.यु. बैक र एक्जिम बैक, पूर्वी अफ्रिकामा सन् २०१५ देखि सन् २०१७ सम्म वित्त प्रबन्धक पदमा कार्यरत । ४. आइ.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २०१७ देखि हालसम्म वरिष्ठ प्रबन्धक पदमा कार्यरत ।	-
५.	मनोज कुमार चौधरी कलैया, बारा ।	प्रबन्धक	एम.बि.एस.	२०७८/०४/२५	१. नेपाल एस.बि.आई. बैंक लि.मा सन् २००६ देखि सन् २०१४ सम्म विभिन्न विभागमा अधिकृत पदमा कार्यरत । २. पोखरा विश्वविद्यालयको सम्बन्धन प्राप्त कामाद कलेजमा सन् २०१५ देखि सन् २०१७ सम्म प्रिन्सिपलको रुपमा कार्यरत । ३. सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २०१७ देखि सन् २०२१ सम्म सहायक प्रबन्धक पदमा कार्यरत । ४.आइ.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लि.मा सन् २०२१ देखि हालसम्म प्रबन्धक पदमा कार्यरत ।	-

१०. धितोपत्र जारी गर्नुको उद्देश्य :

अ) यस कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुसार जारी पूँजी रु.४ अर्बको ३० प्रतिशत अर्थात रु. १,२०,००,००,०००।- रकम बराबरको रु.१००।- अंकित दर मा प्रिमियम वापत रु.१३६.९१ थप गरी रु.२३६.९१ मा १,२०,००,०००।- कित्ता सार्वजनिक निष्काशन गरिनेछ । सो मध्ये १२ लाख कित्ता शेयर अर्थात १० प्रतिशत शेयर नेपाल सरकारको सम्बन्धित निकायको श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक, ६ लाख कित्ता शेयर अर्थात ५ प्रतिशत शेयर कम्पनीको सेवामा रहेका कर्मचारीहरु (कम्पनीका कर्मचारीहरुको लागि कम्पनीको सञ्चालक समितिको मिति २०७९/११/२६ मा बसेको १५४ औं बैठकको निर्णयानुसार प्रति शेयर अंकित मूल्य रु.१००।- दरमा जारी गरिने) र ६ लाख कित्ता शेयर अर्थात ५ प्रतिशत शेयर सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहने ९६ लाख कित्ता शेयर सार्वजनिक निष्काशन गरी बीमा कम्पनीको सञ्चालक समितिमा सर्वसाधारणको तर्फबाट समेत प्रतिनिधित्व गर्ने गराउने ।
आ) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्ने ।
इ) सार्वजनिक निष्काशन मार्फत संकलित पूँजीको अधिकतम सदुपयोग गरी आफ्नो सेवा विस्तार तथा बीमा व्यवसायको जोखिम धारण क्षमता बढाउनको लागि आवश्यक पर्ने पूँजीको व्यवस्था गर्ने ।

११. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी, कम्पनी ऐन, २०६३ तथा बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस कम्पनीका शेयरवालाको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबोल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ ।

१२. सकारात्मक पक्षहरु :

१) अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस कम्पनीको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।
२) लब्ध प्रतिष्ठित व्यवसायी, अर्थविद, बैंकर, कानून व्यवसायी, प्राध्यापक लगायतका प्रतिष्ठित व्यक्तित्वहरु एवं वाणिज्य बैंक लगायतका संस्थाहरु प्रवर्द्धकहरु रहेका छन् ।
३) स्थापनाकालदेखि नै पूर्ण कम्प्युटराईज्ड प्रविधिबाट बीमा व्यवसाय सेवा प्रदान गर्दै आइरहेको ।

१३. सञ्चालन अवधि तीन वर्ष व्यतीत भै सकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण :

वासलात (रु.हजारमा)

विवरण	वास्तविक (रु.हजारमा) आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९
सम्पत्ति			
अदृष्य सम्पत्ति	८३६	४,०७०	३,७६०
सम्पत्ति, मेशिन र उपकरण	७१,१७३	८१,९५७	१,९९,८२४
लगानी सम्पत्ति	–	–	–
स्थगन कर सम्पत्ति	१,७८,८४६	३,६१,२१२	५,५४,५८४
सहायक कम्पनीहरुमा लगानी	–	–	–
सम्बद्ध कम्पनीमा लगानी	–	–	–
लगानी	२८,३८,७७४	४२,१५,४१८	५८,०१,६९२
कर्जा	१,७९,२१५	२,८८,०९०	४,१६,८४४
पुनर्बीमा सम्पत्ति	३,२८८	–	–
चालु कर सम्पत्ति	९६,९१८	१,५०,००३	१,८७,९९०
बीमकबाट प्राप्त हुन बाँकी	–	–	–
अन्य सम्पत्ति	५,४३६	६,७८८	१३,४७४
अन्य वित्तीय सम्पत्ति	३६,३९९	१,२३,५४२	७८,५७२
नगद र नगद समान	३,१७,७७६	३,४८,५५६	३,७७,०४९
कुल सम्पत्ति	**३७,२८,६६१**	**५५,७९,५७५**	**७६,३३,७८९**
दायित्व र शेयरधनीको कोष			
शेयरधनीको कोष			
शेयर पूँजी	१४,००,०००	१४,००,०००	१४,००,०००
बाँडफाँड गरेपछि बाँकी रहेको आवेदन रकम	–	–	–
शेयर प्रिमियम	–	–	–
महा विपत्ती जगेडा	४४,०६३	७३,४४८	१,०३,९८६
सञ्चित कोष	२,१३,१७५	२,९५,२६८	४,०६,९१७
अन्य जगेडा	१,८०,४०६	३,६६,४०१	५,६०,४७७
कुल शेयरधनीको कोष	**१८,३७,६४४**	**२१,३५,११७**	**२४,७१,३७९**
दायित्व			
व्यवस्थाहरु	१३,७८८	१७,४३६	२३,८५८
बीमा करार दायित्व	१६,४९,२२७	३०,५६,३३१	४६,२६,३९१
स्थगन कर दायित्व	–	–	–
बीमा अन्तर्गत भुक्तानी दिनुपर्ने	२८,४३६	११,४२३	५४,०७६
चालु कर दायित्व	–	–	–
कर्जा तथा सापटी	–	–	–
अन्य वित्तीय दायित्व	१,५९,३६३	२,८३,३५२	२,६७,२०२
अन्य दायित्व	४०,२०४	७५,९१५	१,९०,८८४
कुल दायित्व	**१८,९१,०१७**	**३४,४४,४५७**	**५१,६२,४१०**
कुल दायित्व र शेयरधनीको कोष	**३७,२८,६६१**	**५५,७९,५७५**	**७६,३३,७८९**

विवरण	आ.व.०७९/०८० को चैत्र मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण
सम्पत्ति	
अदृष्य सम्पत्ति	२,९१५
सम्पत्ति, मेशिन र उपकरण	१९९,५१२
लगानी सम्पत्ति	–
स्थगन कर सम्पत्ति	५६०,२१७
सहायक कम्पनीहरुमा लगानी	–
सम्बद्ध कम्पनीमा लगानी	–
लगानी	९,११८,३८२
कर्जा सम्पत्ति	६१८,७१०
पुनर्बीमा सम्पत्ति	–
चालु कर सम्पत्ति	२२२,४६१
बीमकबाट प्राप्त हुन बाँकी	–
अन्य सम्पत्ति	१६,२५४
अन्य वित्तीय सम्पत्ति	९८,६१३
नगद र नगद समान	५७,८२५
कुल सम्पत्ति	**१०,६९४,८८८**
दायित्व र शेयरधनीको कोष	
शेयरधनीको कोष	
शेयर पूँजी	२,८००,०००
बाडँफाँड गरेपछि बाँकी रहेको आवेदन रकम	–
शेयर प्रिमियम	४९७
महा विपत्ती जगेडा	१२२,२३१
सञ्चित आय	५७२,९४१
अन्य जगेडा	५६४,४३२
कुल शेयरधनीको कोष	**४,०६०,१०१**
दायित्व	
व्यवस्था	२२,०६७
बीमा अन्तर्गत भुक्तानी दिनुपर्ने	६,४०६,२८३
स्थगन कर दायित्व	–
पुनर्बीमकलाई भुक्तानी दिनुपर्ने	१६,०९६
चालु कर दायित्व	–
कर्जा दायित्व	–
अन्य वित्तीय दायित्व	११९,००४
अन्य दायित्व	२७१,३३८
कुल दायित्व	**६,८३४,७८८**
कुल दायित्व र शेयरधनीको कोष	**१०,६९४,८८८**

नाफा नोक्सान हिसाब (रु.हजारमा)

विवरण	वास्तविक (रु.हजारमा) आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९
आय			
कुल प्रिमियम	१४,१४,१८३	२८,९७,४७७	३५,४९,५१८
जोखिम हस्तान्तरण प्रिमियम	(४४,०३१)	(८६,६०४)	(१,५७,२८२)
खुद प्रिमियम	**१३,७०,१५२**	**२८,१०,८७३**	**३३,९२,२३६**
कमिशन आम्दानी	–	–	–
लगानीबाट आम्दानी	२,६८,२०२	३,५१,९६३	५,२२,६७१
बजार मुल्यमा खुद प्राप्त नाफा/(नोक्सान)	–	–	–
खुद प्राप्त नाफा/(नोक्सान)	–	–	–
अन्य आम्दानी	२१,५१६	४५,५०८	१०,०१०
कुल आय	**१६,५९,८७०**	**३२,०८,३४४**	**३९,२४,९१७**
खर्च			
कुल दावी रकम भुक्तानी	१,२१,५५७	५,२१,४११	१०,९३,२५०
कुल दावी भुक्तानीमा पुनर्बीमकको हिस्सा	(११,२११)	(५०,६१३)	(६४,३६९)
बीमाको करार दायित्वमा परिवर्तन	७,७४,८८३	१४,७०,४०९	१५,४८,२६१
पुनर्बीमाको हिस्साको करार दायित्वमा परिवर्तन	–	–	–
खुद लाभ तथा दावी भुक्तानी	**८,७२,९१६**	**१९,४१,२०६**	**२५,७७,१४२**
कमिशन खर्च	२,५४,२८०	५,१८,८९१	५,५०,५५२
सेवा शुल्क	१३,७०२	२७,३५३	३४,२३३
कर्मचारी सेवा खर्च	१,४५,२२३	१,६०,६०५	२,००,४९३
ह्रासकट्टी र परिशोधन खर्च	१६,८६२	१७,२८४	४१,५९२
इमपेरिमेन्ट खर्च	२,८३६	(२,८७९)	४,३९९
अन्य खर्च	२,३६,०५३	४,३५,४३३	३,६८,३२९
वित्तीय लागत	–	८०४	१२,७१५
कुल खर्च	**१५,५४,१८४**	**३०,९८,६९७**	**३७,८९,४५६**
कर अघिको नाफा	**१,०५,६८५**	**१,०९,६४७**	**१,३५,४६१**
कर खर्च/(आम्दानी)	(९२,९३८)	(१,८६,५९२)	(१,८९,८९२)
खुद नाफा यस वर्षको	**१,९८,६२३**	**२,९६,२३९**	**३,२५,३५३**

विवरण	आ.व.०७९/०८० को चैत्र मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण
आय	
कुल प्रिमियम	२,८१८,९६९
जोखिम हस्तान्तरण प्रिमियम	(९५,४१३)
खुद प्रिमियम	**२,७२३,५५६**
कमिशन आम्दानी	–
लगानीबाट आम्दानी	६०९,७१९
मूल्य परिवर्तनहरुबाट लाभ	–
प्राप्त लाभ/(नोक्सानी)	–
अन्य आम्दानी	७,९४४
कुल आय	**३,३४१,२१९**
खर्च	
कुल दावी रकम भुक्तानी	७९३,६७२
कुल दावी भुक्तानीमा पुनर्बीमकको हिस्सा	–
बीमाको करार दायित्वमा परिवर्तन	१,६१३,००३
पुनर्बीमक करार दायित्वमा परिवर्तन	–
कुल लाभ तथा भुक्तानी	**२,४०६,६७६**
कमिशन खर्च	३२६,२१३
सेवा खर्च	२१,६७८
कर्मचारी खर्च	१७१,०८५
ह्रासकट्टी र परिशोधन खर्च	१५,०५९
इम्पेरिमेन्ट खर्च	–
अन्य खर्च	२११,१५२
वित्तीय खर्च	–
कुल खर्च	**३,१५१,८६२**
कर अघिको नाफा	**१८९,३५८**
कर खर्च/(आम्दानी)	(३,९५५)
खुद नाफा यस वर्षको	**१९३,३१३**

प्रक्षेपित वासलात

विवरण	प्रक्षेपित (रु.हजारमा) आ.व. २०७९/२०८०	आ.व. २०८०/२०८१	आ.व. २०८१/२०८२
सम्पत्ति			
अदृष्य सम्पत्ति	४,७२९	५,११८	५,१६६
सम्पत्ति, मेशिन र उपकरण	१९२,७८७	१८७,११८	१८३,३९३
लगानी सम्पत्ति		–	
स्थगन कर सम्पत्ति	६६८,०२०	७३४,०३२	७९२,२०७
सहायक कम्पनीहरुमा लगानी		–	
सम्बद्ध कम्पनीमा लगानी		–	
लगानी	१२,८०७,८१०	१६,५५९,९९८	२१,७६६,११५
कर्जा सम्पत्ति	४५७,७९१	५०९,१७६	५२०,६३८
पुनर्बीमा सम्पत्ति		–	
चालु कर सम्पत्ति	२३१,४९६	३०१,७३८	३९१,३२९
बीमकबाट प्राप्त हुन बाँकी		–	
अन्य सम्पत्ति	१३,९५५	१९,४३७	२७,३५१
अन्य वित्तीय सम्पत्ति	१८६,०७७	२९४,९४६	४५९,६२१
नगद र नगद समान	४१४,७८१	४५६,२९१	५०९,५५६
कुल सम्पत्ति	**१४,९७७,४४७**	**१९,०६८,११४**	**२४,६४७,७७६**
शेयरधनीको कोष			
शेयर पूँजी	५०,००,०००	५०,००,०००	५०,००,०००
बाडँफाँट गरेपछि बाँकी रहेको आवेदन रकम	–	–	–
शेयर प्रिमियम	–	–	–
महा विपत्ती जगेडा	१४१,८२९	१९०,२१३	२५२,७३८
सञ्चित आय	६३०,२८६	९९४,८८८	१,४९३,१८७
अन्य जगेडा	१,२३९,२२१	१,३०८,०१६	१,३७३,४३५
कुल शेयरधनीको कोष	**७,०११,३३७**	**७,४९३,११७**	**८,११९,३६०**
दायित्व			
व्यवस्था	३३,४०१	४०,०८१	५६,११३
बीमा अन्तर्गत भुक्तानी दिनुपर्ने	७,२५७,५५०	१०,६५१,६४२	१५,२९०,५३४
स्थगन कर दायित्व		–	
पुनर्बीमकलाई भुक्तानी दिनुपर्ने	१०१,३९२	११४,२३५	१५९,९२९
चालु कर दायित्व	–	–	
कर्जा दायित्व	–	–	
अन्य वित्तीय दायित्व	३३४,८४४	४४३,३५१	५७७,३२२
अन्य दायित्व	२३८,९२४	३२५,८८८	४४४,५१७
कुल दायित्व	**७,९६६,११०**	**११,५७४,९९७**	**१६,५२८,४१६**
कुल दायित्व र शेयरधनीको कोष	**१४,९७७,४४७**	**१९,०६८,११४**	**२४,६४७,७७६**

प्रक्षेपित नाफा नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु.हजारमा) आ.व. २०७९/२०८०	आ.व. २०८०/२०८१	आ.व. २०८१/२०८२
कुल प्रिमियम	४,७२३,२३२	६,०१८,८३२	७,६८७,३९६
जोखिम हस्तान्तरण प्रिमियम	(१४१,६९७)	(१८०,५६५)	(२३०,६२२)
खुद प्रिमियम	**४,५८१,५३५**	**५,८३८,२६७**	**७,४५६,७७४**
कमिशन आम्दानी	–	–	–
लगानीबाट आम्दानी	८१३,३०६	१,३४१,६७३	१,७२२,३३९
मूल्य परिवर्तनहरुबाट लाभ	–	–	–
प्राप्त लाभ/(नोक्सानी)	–	–	–
अन्य आम्दानी	५६,०३९	६३,१६६	६९,४८३
कुल आय	**५,४५०,८७९**	**७,२४३,१०७**	**९,२४८,५९६**
खर्च	–	–	–
कुल दाबी रकम भुक्तानी	१,२४९,९४२	१,८९३,३९४	२,१८७,६२१
कुल दाबी भुक्तानीमा पुनर्बीमकको हिस्सा	(१२५,९९४)	(१८९,३३९)	(२१८,७६२)
बीमाको करार दायित्वमा परिवर्तन	२,६२४,४०८	३,३८६,३३०	४,६२९,९६५
पुनर्बीमक करार दायित्वमा परिवर्तन	–	–	–
कुल लाभ तथा भुक्तानी	**३,७४९,३५६**	**५,०९०,३८४**	**६,५९८,८२४**
कमिशन खर्च	७११,१४९	८७१,८४५	१,०६२,८९६
सेवा खर्च	३४,३६२	४३,७८७	५५,९२६
कर्मचारी खर्च	२२७,८२२	२६०,८२३	३०७,४३१
ह्रासकट्टी र परिशोधन खर्च	३९,३५७	४४,७१३	५१,१२०
इम्पेरिमेन्ट खर्च	–	–	–
अन्य खर्च	४०९,२१४	४९६,९१४	५८५,८८५
वित्तीय खर्च	१४,६२३	१६,८१६	१९,३३९
कुल खर्च	**५,१८५,८८३**	**६,८२५,२८२**	**८,६८१,५२०**
कर अघिको नाफा	२६४,९९७	४१७,८२४	५६७,०७७
कर खर्च/(आम्दानी)	(११३,४३६)	(६६,०१२)	(५८,१७५)
खुद नाफा यस वर्षको	**३७८,४३३**	**४८३,८३६**	**६२५,२५१**

निष्काशनकर्ता कम्पनीको रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको Issuer Rating गर्नु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट Issuer Rating गराईएको र कम्पनीले "[CARE-NP BBB (Is) [Triple B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । "CARE – NP BBB (Is)" रेटिङ्गले समयमानै वित्तीय दायित्व पुरा गर्न सक्षम रहेको मध्यमस्तरको सुरक्षित कम्पनी जनाउने र यस्तो कम्पनीले मध्यमस्तरको क्रेडिट जोखिम वहन गर्न सक्दछ (Issuers with this rating are considered to offer moderate degree of safety regarding timely servicing of financial obligations, in Nepal. Such issuers carry moderate credit risk) । केयर रेटिङ्ग नेपाल लि. ले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा "CARE-NP AAA(Is)" ले समयमा नै वित्तीय दायित्व पूरा गर्न सक्षम रहेको उच्चस्तरको सुरक्षित कम्पनी जनाउँछ भने "CARE-NP D (Is)" ले समयमा नै वित्तीय दायित्व पूरा गर्न नसक्ने जोखिमयुक्त रहेको कम्पनी जनाउँछ ।

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९	२०७९/०८० को चैत्र मसान्त सम्मको अपरिष्कृत वित्तीय विवरण	प्रक्षेपित आ.व. २०७९/०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२
चुक्ता पूँजी (रु.हजारमा)	१,४००,०००	१,४००,०००	१,४००,०००	२,८००,०००	५,०००,०००	५,०००,०००	५,०००,०००
सञ्चित आय (रु. हजारमा)	२१३,१७५	२९५,२६८	४०६,९१७	५७२,९४१	६३०,२८६	९९४,८८८	१,४९३,१८७
म्हा विपत्ती जगेडा (रु. हजारमा)	४४,०६३	७३,४४८	१०३,९८६	१२२,२३१	१४१,८२९	१९०,२१३	२५२,७३८
अन्य जगेडा (रु. हजारमा)	१८०,४०६	३६६,४०१	५६०,४७६	५६४,४३२	१,२३९,२२१	१,३०८,०१६	१,३७३,४३५
कुल नेटवर्थ (रु.हजारमा)	१,८३७,६४४	२,१३५,११७	२,४७१,३७९	४,०६०,१०१	७,०११,३३७	७,४९३,११७	८,११९,३६०
शेयर संख्या (रु.हजारमा)	१४,०००	१४,०००	१४,०००	२८,०००	५०,०००	५०,०००	५०,०००
प्रति शेयर नेटवर्थ (रु.)	१३१.२६	१५२.५१	१७६.५३	१४५ .००	१४०.२३	१४९.८६	१६२.३९
प्रति शेयर आम्दानी (रु.)	१४.१९	२१.१६	२३.२४	९.२१	७.५७	९.६८	१२.५१
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्युनतम प्रतिफल:							१६.५७%

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल: १२.६२%

प्रक्षेपित वित्तीय विवरण इन्स्योरेन्स कम्पनी नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) आफैले तयार पारेको हो र सो एन.बि.एस.एम एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, नक्साल, काठमाण्डौंले प्रमाणित गरेको हो ।

कम्पनीको वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :

	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२
अनुमानित कुल बीमा शुल्क (रु.)	४,७२३,२३१,५२६	६,०१८,८३२,३३१	७,६८७,३९६,०८२
अनुमानित खुद बीमा शुल्क (रु.)	४,५८१,५३४,५८०	५,८३८,२६७,३६१	७,४५६,७७४,२००
कुल बीमा शुल्कमा अनुमानित वृद्धिदर (%)	३३.०७	२७.४३	२७.७२
खुद बीमा शुल्कमा अनुमानित वृद्धिदर (%)	३५.०६	२७.४३	२७.७२
कूल बीमा शुल्कमा खुद दावी भुक्तानी (%)	२४.५५	२९.१९	२६.४०
कूल बीमा शुल्कमा कूल पुनर्बीमा शुल्क खर्चको अनुपात (%)	३.००	३.००	३.००
खुद बीमा शुल्कमा दावी भुक्तानीको अनुपात (%)	२४.५५	२९.१९	२६.४०
कूल बीमा शुल्कमा अभिकर्ता कमिशन भुक्तानीको अनुपात (%)	१५.००	१४.००	१४.००
कूल बीमा शुल्कमा कुल व्यवस्थापन खर्च अनुपात (%)	१५.००	१४.००	१३.००
कुल व्यवस्थापन खर्चमा कर्मचारी खर्चको अनुपात (%)	३३.००	३२.००	३२.००
खुद नाफामा कूल बीमा शुल्कको अनुपात (%)	८.००	८.००	८.००
कूल बीमा शुल्कमा कुल सम्पत्तिको(कूल उपयोग)अनुपात (%)	३१७.००	३१७.००	३२१.००

१४. अन्तरनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

अन्तरनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा निम्न अनुसार रहेका छन्:
(क) वित्तीय साधनको अभावबाट हुने जोखिम: सो नभएको ।
(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम : लागु नहुने ।
(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
१. देशको आर्थिक अवस्थामा आउने उतार चढाववाट हुन सक्ने जोखिमहरु ।
२. पुनर्बीमा कम्पनीको नेपाली बीमा बजार प्रतिको विश्लेषणमा हुने जोखिम ।
(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम : लागु नहुने ।
(ङ) विदेशी विनिमयको जोखिम: देशको बैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु : भविष्यमा कुनै उल्लेख्य अवरोध पर्ने नदेखिएको ।
(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम: नेपाल सरकार तथा बीमा समिति को नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
(झ) सञ्चालन इतिहासको अभाव : यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोबार सञ्चालनको लागि स्वीकृति प्राप्त गरी मिति २०७४/०६/१५ गतेबाट आफ्नो विधिवत कारोवार सञ्चालनमा ल्याएको हुँदा बीमा कम्पनीको कारोवार सञ्चालनको इतिहासको छोटो अनुभव रहेको छ । झण्डै ५ वर्षको संचालन अवधिमा कम्पनीले आफुलाई बीमा बजारको क्षेत्रमा प्रतिष्पर्धीहरु बीच एक सबल संस्थाको रुपमा उभ्याई कुल बीमा बजारको करीब २.८५ प्रतिशत हिस्सा ओगट्न सफल भएको छ । बीमालेख संख्याका आधारमा यस कम्पनीले सर्वाधिक बीमालेख जारी गर्न सफल भएको छ ।
(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम : नयाँ नयाँ प्रविधिको विकास सँगै कम्पनीले प्रयोग गर्ने प्रविधिमा हुने परिवर्तनले पर्न सक्ने सञ्चालन तथा साख सम्बन्धी जोखिम ।
(ड) अन्य : सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।
- कम्पनीमा सक्षम र सबल आन्तरिक नियन्त्रण प्रणाली विकास गर्ने,
- उचित जोखिम मूल्याङ्कन गरी कुशल जोखिम व्यवस्थापन गर्ने,
- अनुभवी तथा दक्ष जनशक्तिद्वारा दावी उपर उचित व्यवस्थापन गर्ने,
- नेपाल बीमा प्राधिकरणद्वारा जारी लगानी निर्देशिका अनुरुप लगानी गर्ने,
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई लेखापरिक्षकले औंल्याएका कैफियतहरु सुधार गर्दै लैजाने,
- नेपाल बीमा प्राधिकरणले जारी गरेको संस्थागत सुशासन तथा अन्य निर्देशिकाहरु पालना गर्दै आईरहेको र परेका चुनौतीहरुलाई व्यवस्थापन गर्दै अगाडि बढ्ने, र

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
सर्वसाधारणहरुको लागि रु.१००।- प्रति शेयरको दरले निष्काशनमा प्रिमियम रु.१३६.९१ थप गरी प्रति शेयर रु.२३६.९१ कायम गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम:

क्र.सं.	प्रत्याभूति गर्ने संगठित संस्थाको नाम र ठेगाना	प्रत्याभूति गर्ने धितोपत्रको संख्या	प्रति शेयर अंकित मूल्य (रु.)	प्रत्याभूति गर्ने धितोपत्रको रकम (रु.)
१	नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं ।	११,४००,०००	२३६.९१	२,७००,७७४,०००
		६००,०००	१००	६०,०००,०००
	जम्मा	१२,०००,०००		२,७६०,७७४,०००

१६. धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था:

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रिया:
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका २०७४ को निर्देशन नं. ३० मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिने छ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरीदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँट गरी बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताले प्रत्याभूति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरीद गर्नेछ ।
(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :
शेयर बिक्री बन्द भएका मितिले नेपाल धितोपत्र बोर्डले तोकेका समयावधि भित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि-आस्वा (C–ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाइ उपलब्ध गराइने छ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकको रोक्का रहेका बैंक खाता फुकुवा गरी फिता गरिदिने छ ।
(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :
सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिन आवेदकहरुको हकमा निजको खातामा रहेको रकम रोक्का मात्र हुने र बाँडफाँट पश्चात निजले प्राप्त गर्ने शेयरको रकम बराबरको रकम बाहेक अन्य रकम फुकुवा हुने भएकाले व्याज दिन नपर्ने ।
(घ) धितोपत्रका बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधि :
यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" बमोजिम साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता भए पश्चात् आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेका शेयर जम्मा/वितरण गर्ने व्यवस्था मिलाइने छ ।
(ङ) धितोपत्र सुचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण: सो नभएको ।
(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :
हालसम्म नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भइ नसकेको हुँदा यस सार्वजनिक निष्काशन गरिने शेयरको बाँडफाँट पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित नियमानुसार सूचिकरण तथा दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/ जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

सर्वसाधारणको हकमा :
१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिन सक्ने छन ।
२. आवेदकले सि–आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि–आस्वा रजिष्ट्रेशन फाराम भरी CRN नं. लिनु पर्नेछ ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ ।
५. आवेदकले CRN नं. प्राप्त गरे पश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि–आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ:
क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दरस्तखत, सम्पर्क फोन नं., इमेल ।
ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
घ. खरीद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
ङ. खरीद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।
च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।
८. आवेदकले आवेदन दिंदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुन हुँदैन ।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।
१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्ने छन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।
१४. रु.५० हजारसम्मको लागि आवेदन दिने आवेदकले स्वैच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा प्यान नम्बर (PAN) दरखास्त फाराममा खुलाउनु पर्नेछ ।
१५. शेयर बाँडफाँट गरी सूचीकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।
१६. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम १०,००० (दश हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

१८. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग:

सार्वजनिक निष्काशन मार्फत प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ :

क्र.सं.	विवरण	रकम (रु.)
१.	नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त वचतपत्र वा ऋणपत्र ।	११५,५६०,०००/–
२.	नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दती निक्षेप ।	१,९१८,६५४,०००/–
३.	नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त"क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय संस्थाको ऋणपत्र ।	५६३,०००,०००/–
४.	नेपाल धितोपत्र बोर्डमा धितोपत्र दर्ता गराएका संगठित संस्थाहरुको साधारण शेयर ।	६९,३३६,०००/–
५.	नागरिक लगानी कोष तथा म्यूचुअल फण्डका लगानी योजनाहरु ।	३६,२२४,०००/–
६.	कृषि उत्पादन, सौर्य उर्जा लगायत नवीकरण उर्जा परियोजना ।	५०,०००,०००/–
७.	शाखा विस्तार ।	८,०००,०००/–
	जम्मा	२,७६०,७७४,०००/–

१९. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसि मल, सुन्धारा, काठमाण्डौ ।
२.	आई.एम.ई.लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, का.म.न.पा. वडा २६ लैनचौर, हाथवे कम्प्लेक्स, काठमाण्डौ ।

साथै, निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.civilcapitalmarket.com, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.imelifeinsurance.com र नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नुहुनेछ ।

सर्वसाधारणको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :
नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा **(ASBA)** सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको **"मेरो शेयर"** सफ्टवेयरबाट आवेदकहरुले आवेदन गर्न सक्नेछन् ।

२०. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to The Issue) को रुपमा नियुक्त गरिएको छ ।

क्र.सं.	नाम, ठेगाना	खाताको नाम	खाता नम्बर
१.	श्री हिमालयन बैंक लि., कमलादी, काठमाडौं ।	CIVIL CAP M L-BTI IME LIFE I L IPO	२०१५५४९७०४०५६६
२.	श्री ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाण्डौं ।	CIVIL CAPITAL MARKET LTD.-BTI IME LIFE INSURANCE COMPANY LIMITED (IPO)	१२७०१०१०००४५३४

२१. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा सर्वसाधारणको लागि सार्वजनिक निष्काशन गरिने शेयरको लागि आवेदन दिने अवधि निष्काशन तथा बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

२२. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा, काठमाडौंमा एक कक्षको व्यवस्था गरिएको छ । साथै, लगानीकर्ताहरुले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा श्री आँचल भण्डारी फोन नं.९८४०६४५७४५ तथा Email:aachal.bhandari@civilcapital.com.np र निष्काशन कम्पनीको कार्यालयमा श्री जगत बहादुर बोहरा फोन नं. ०१-४०२४०७१ तथा Email: jagat@imelifeinsurance.com बाट आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

सिभिल क्यापिटल मार्केट लि.
Civil Capital Market Ltd.

Estd. 2008
Civil Capital Market Ltd.
6th Floor, CTC Mall, Sundhara, Kathmandu
Tel: 4262303, 4261251
Email: ccm@civilcapital.com.np
website: www.civilcapitalmarket.com

A subsidiary of
सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward